म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २२० २०८० असार २० गते बुधबार 5 July 2023, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-




### उपमहानगरको शिक्षामा अर्को एउटा मजाक

# नगरस्तरीय शैक्षिक सामग्री प्रदर्शनी




*आधुनिक राष्ट्रिय माविका विद्यार्थीले व्यवस्थित सहरको परियोजना कार्य प्रस्तुत गर्दै ।*

समाज संवाददाता

हेटौंडाः शिक्षा नसुध्री समाजका अन्य क्षेत्र सुध्रन सक्दैन । शिक्षालाई सुधार्नु अनिवार्य छ । शिक्षा आफू सुध्रिएर समाजलाई सुधार्नु पर्छ । तर, हाम्रो समाजमा भने शिक्षा नै भद्रगोल, लथालिंग बनेको छ । सन्दर्भ गत शुक्रबारको हो । हेटौंडा उपमहानगरपालिकाको शिक्षा महाशाखाले असार १२ गते शैक्षिक सामग्री प्रदर्शनीको आयोजना गर्ने सूचना जारी गरेको थियो । प्रदर्शनीमा सहभागी हुन चाहने विद्यालयले असार १३ गते नै नाम टिपाउनु पर्ने र असार १५ गते शैक्षिक सामग्री प्रदर्शनीको आयोजना गरिने जनाइएको थियो ।

३ दिनको सूचनामा हेटौंडा-१६, हटियास्थित जनप्रिय माविमा आयोजना गरिएको प्रदर्शनीमा हेटौंडा उपमहानगरका १२ वटा विद्यालयको मात्रै सहभागिता रहेको थियो । हेटौंडा उपमहानगरमा ७३ वटा सामुदायिक र ४८ वटा निजी गरी १ सय २१ वटा विद्यालय छन् । १ सय २१ वटा विद्यालय मध्ये १२ वटा विद्यालयको मात्रै सहभागिताले नै पुष्टि गर्छ कि शैक्षिक सामग्री प्रदर्शनीको औचित्य के होला ? उपमहानगरको सामाजिक विकास समितिका संयोजक रामकृष्ण कोइरालाको वडामा भएको एक दिने कार्यक्रममा बिहान उद्घाटन र दिउँसो समापन समारोह आयोजना गर्न भने आयोजक समितिले छुटाएन ।

शैक्षिक सामग्री प्रदर्शनीमा आयोजक जनप्रिय माविसहित हेटौंडा-१८ स्थित ज्योति मावि, हेटौंडा-८ स्थित चन्द्रोदय मावि र कमाने एकेडेमी, हेटौंडा-११ स्थित हेटौंडा एकेडेमी, हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय मावि र नवोदय शिशु सदन, हेटौंडा-५ स्थित जीएस निकेतन, हेटौंडा-१७ स्थित बालबोध मावि, हेटौंडा-१४ स्थित जनजागृति मावि र हेटौंडा-१० स्थित ज्ञानदा माविको सहभागिता रहेको थियो ।

शैक्षिक सामग्री प्रदर्शनी भनिए पनि विद्यार्थीको परियोजना कार्य प्रदर्शनी रहेको थियो । त्यसमा पनि विद्यार्थीले निर्माण गरेका नयाँ सामग्री भन्दा पनि पुराना सामग्री प्रदर्शनीमा ल्याएका थिए । चन्द्रोदय माविमा १० कक्षामा अध्ययनरत विद्यार्थी समूहले अघिल्लो वर्ष तयार पारिएको सामग्री लिएर आएको बताए । प्रदर्शनीमा सहभागी अधिकांश सामग्री पुराना थिए । प्रदर्शनीमा नियमित शिक्षण अभ्यासमा प्रयोग हुने सामग्री प्रस्तुत गरिएको थिएन । हेटौंडा एकेडेमीका १० कक्षामा अध्ययनरत सुरज कुमार चौरसियाले ९ कक्षामा बनाएको खाद्यान्न पिन्ने मेसिन प्रदर्शनीमा राखेका थिए ।

शैक्षिक सामग्री प्रदर्शनीमा विशेषतः शिक्षकले विद्यालयमा विद्यार्थीलाई नियमित पठनपाठनको क्रममा प्रयोग गर्ने सामग्री प्रदर्शनी गरेर शिक्षकबीच नै अवलोकन र अन्तरक्रियाको अवसरका लागि उपमहानगरको शिक्षा महाशाखाले आवश्यक सहजीकरण गर्नुपर्ने थियो । एउटा विद्यालयले अभ्यास गर्दै आएको प्रक्रिया र सामग्री अर्को विद्यालयका लागि सिकाईको विषय हुन सक्थ्यो । तर, महाशाखाले असार मसान्तको चटारोमा आयोजनाका लागि मात्रै कार्यक्रमको आयोजना गरेको छ ।

शैक्षिक सामग्री प्रदर्शनीमा रोचक र प्रेरक विषय केही पनि हुन सकेन । शिक्षकले प्रदर्शनीमा आफ्नो प्रस्तुती नै राखिएको थिएन । विद्यार्थी नै आफ्नो परियोजना कार्यको व्याख्या गरिरहेका थिए । हतारमा आयोजना गरिएको, बिना तयारी नै आयोजना गरिएकै कारण प्रदर्शनीमा राम्रो गर्ने विद्यालयलाई प्रोत्साहन गर्ने कुनै पनि कार्य गरिएन । शैक्षिक सामग्री प्रदर्शनीमा सहभागी नभएका विद्यालयले अवलोकनका लागि विद्यार्थी भने पठाएका थिए । आयोजकलाई लागेको होला कि प्रदर्शनीमा अवलोकन गर्नेको भीड बढाए पुग्छ । प्रदर्शनीको उद्देश्यअनुसारका क्रियाकलापमा भने ध्यान पुग्न सकेको थिएन ।

यसअघि शिक्षक भलिबलको कार्यक्रम पनि असार दोस्रो साता आयोजना गरेको थियो । हेटौंडा उपमहानगरपालिकाको शिक्षा महाशाखाकी अधिकृत सुनिता महर्जन यसअघि नै जानकारी गराइएको र यसअघि न्यून सहभागी हुने भएकोले सञ्चालन हुन नसकेको शैक्षिक सामग्री प्रदर्शनी छोटो सूचनाको आधारमा आयोजना गरिएको बताउनुहुन्छ । शैक्षिक सामग्री प्रदर्शनी कार्यक्रमको समीक्षा गर्न सकिने उल्लेख गर्नुहुँदै सोँचे जस्तो नभए पनि आर्थिक वर्षको अन्तिममा हतारमा गरिएको उहाँले बताउनुभयो । शैक्षिक सामग्री प्रदर्शनीमा विद्यार्थी र शिक्षकको संयुक्त सहभागिता रहने गरी सहभागी हुन आग्रह गरिएको महर्जनले जानकारी दिनुभयो ।

# २ वर्षदेखि नर्सिङ क्याम्पसमा विद्यार्थी भर्ना बन्द

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको राजधानी हेटौंडामा रहेको एकमात्र नर्सिङ क्याम्पसमा दुई वर्षदेखि नयाँ विद्यार्थी भर्ना बन्द रहेको छ । नेपाल सरकारको परिवर्तित नीतिका कारण हेटौंडाको नारायणी मेडिकल एण्ड टेक्नोलोजीमा २ वर्षदेखि विद्यार्थी भर्ना बन्द गरिएको हो ।

नेपाल सरकारले नेपालभरका निजी मेडिकल क्याम्पसको प्रतिकूल हुने गरी नीति ल्याएका कारण नयाँ विद्यार्थी भर्ना बन्द गरेको नारायणी मेडिकल एण्ड टेक्नोलोजीकी सहायक क्याम्पस प्रमुख गंगा दाहालले बताउनुभयो । सरकारले मेडिकल कलेजहरुको आफ्नै अस्पताल भएमात्र विद्यार्थी भर्ना गर्न पाइने नीति ल्याएपछि भर्ना बन्द गर्नुपरेको उहाँको भनाइ छ ।

नेपाल सरकारको उक्त नीतिका कारण देशभरका ७८ मेडिकल कलेजमा विद्यार्थी भर्ना बन्द भएको दाहालले जानकारी दिनुभयो । स्वदेशमा सञ्चालित धेरै कलेज बन्द भएपछि हजारौं विद्यार्थी विदेश गएर पढ्नुपरेको उहाँले बताउनुभयो ।

मेडिकलका सामान्य विषय अध्यापनका लागि कलेजको आफ्नै अस्पताल हुनुपर्ने नीति उपयुक्त नभएको दाहालको भनाइ छ । कलेजमा सैद्धान्तिक विषय पढेर अन्य अस्पतालबाट प्रयोगात्मक अभ्यास गर्न सकिने उहाँले बताउनुभयो । सरकारको यस्तो अव्यवहारिक नीतिका बारेमा जनस्तरबाट पनि आवाज उठाउनुपर्ने उहाँ बताउनुहुन्छ ।

'हाम्रो देशबाट विद्यार्थी बाहिर पढ्न गएर जनशक्तिसँगै पैसा पनि बाहिर गएको छ', दाहालले भन्नुभयो- 'नेपालका विद्यार्थीहरु पढ्नबाट वञ्चित हुनु र महंगो शुल्क तिरेर विदेश पढ्न जानुपर्ने अवस्था आउनु राम्रो होइन ।' मेडिकल विषय अध्ययन गर्न चाहने विद्यार्थीले नेपालमै पढ्न पाउनुपर्ने भन्दै उहाँले नेपाल सरकारले विद्यार्थीको जिम्मा लिनुपर्ने बताउनुभयो ।

नारायणी मेडिकल एण्ड टेक्नोलोजीले ३ वर्षे पीसीएल नर्सिङ विषयको पठनपाठन गराउँदै आएको थियो । उक्त कलेजमा हालसम्म १२ वटा व्याचसम्म पढाइ भएको छ । हरेक व्याचमा ४० विद्यार्थीको कोटा रहेको र कलेजबाट शिक्षा लिएका विद्यार्थी राम्रो ठाउँमा पुगेको दाहालले जानकारी दिनुभयो । अहिले क्याम्पसमा स्टाफ नर्सको अन्तिम ब्याचको तेस्रो वर्षको पढाइमात्र भइरहेको उहाँको भनाइ छ ।

नेपाल सरकारको नीतिका कारण मेडिकलका राम्रा शिक्षकहरु पनि अहिले बेरोजगार बस्नु परेको उहाँले बताउनुभयो । पहिला क्याम्पसमा १२ जना शिक्षक र हेकोमा अहिले ५ जनामात्र शिक्षक रहेको उहाँले जानकारी दिनुभयो । जग्गा व्यवस्थापन गरी अस्पताल सञ्चालन गर्ने र पुनः पठनपाठन गर्ने सल्लाह भइरहेको उहाँको भनाइ छ । मकवानपुरमा नर्सिङ विषय पढाउने एकमात्र क्याम्पस भएकाले यसलाई अगाडि बढाउने दाहालले बताउनुभयो ।

# करिब २ क्वीन्टल गाँजासहित १२ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले ठूलो परिमाणमा लागूऔषध गाँजासहित १२ जनालाई पक्राउ गरेको छ । हेटौंडा-१५, रातोमाटे चेकपोष्टबाट दुई फरक समयमा प्रहरीले करिब २ क्वीन्टल गाँजासहित १२ जनालाई पक्राउ गरेको हो ।

प्रहरीले मंगलबार बिहान ४ बजेको समयमा एक सय ४४ केजी लागूऔषध गाँजासहित ६ जनालाई पक्राउ गरेको छ । हेटौंडा-१५, रातोमाटेस्थित प्रहरीको चेकपोष्टमा चितवनबाट बीरगञ्जतर्फ जाँदै गरेको भारतीय नम्बरको ट्रकलाई शंका लागि सुरक्षा जाँच गर्दा ट्रकबाट लागूऔषध गाँजा फेला परेको प्रहरीले जनाएको छ ।

१४ वटा पोकामा एक सय ४४ केजी लागूऔषध गाँजा फेला पारेको मकवानपुर प्रहरीले जानकारी दिएको छ । गाँजासँगै पक्राउ पर्नेमा ट्रक चालक भारतको मोतीहारीका ६५ वर्षीय लालबहादुर सहनी, पर्सा जिल्ला बीरगञ्ज महानगरपालिका-१३ बस्ने २५ वर्षीय सन्तोष गुप्ता, बाराको बिश्रामपुर गाउँपालिका-४ बस्ने २४ वर्षीय सुरज साह, २१ वर्षीय गौतमकुमार साह, पर्साको छिपहरमाई गाउँपालिका-३ बस्ने ३१ वर्षीय मोहमद नवसाद हुसेन र २८ वर्षीय रमेश यादव रहेको प्रहरीले जानकारी दिएको छ ।

लागूऔषध गाँजासहित मानिसहरुलाई नियन्त्रणमा लिई अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुरको हिरासतमा राखिएको प्रहरीले जनाएको छ ।


यसैगरी, सोमबार राति मकवानपुर प्रहरीले ४७ केजी लागूऔषध गाँजासहित ६ जनालाई पक्राउ गरेको छ । हेटौंडा-१५ स्थित प्रहरीको रातोमाटे चेकपोष्टमा चितवनबाट बीरगञ्जतर्फ जाँदै गरेको बागमती प्रदेश ०१-०२५ च ३३८४ नम्बरको कार र प्र २-०३-००७ प ४७५४ नम्बरको मोटरसाइकललाई शंका लागि सुरक्षाजाँच गर्दा ४७ केजी लागूऔषध गाँजा फेला परेको मकवानपुर प्रहरीले जानकारी दिएको छ ।

पक्राउ पर्नेमा कारमा सवार पर्सा जिल्ला बीरगञ्ज महानगरपालिका-१४ का ४२ वर्षीय कन्हैयालाल महतो, २६ वर्षीय बिनोद मण्डल, बीरगञ्ज-१८ का २० वर्षीया दुसमेना खातुन र २१ वर्षीया पूजाकुमारी मण्डल छन् । यस्तै, मोटर साइकलमा सवार पर्सा जिल्लाको पटेरवा सुगौली गाउँपालिका-४ का २५ वर्षीय विनय चौधरी र पर्सा जिल्लाको बीरगञ्ज महानगरपालिका-१४ का ३९ वर्षीय बिनोद पासवान पक्राउ परेको प्रहरीले जानकारी दिएको छ ।

लागूऔषध गाँजासहित मानिसहरुलाई नियन्त्रणमा लिई अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुरको हिरासतमा राखिएको प्रहरीले जनाएको छ ।

**Join IT after +2 ???**

**Nepal Top**



**Dinesh Kharel**
CSIT 2078 Batch 89.8%

यस हेटौंडा सिटी कलेजका विद्यार्थी **श्री दिनेश खरेल** त्रिभुवन विश्वविद्यालयले लिएको २०७८ व्याचको -CSIT मा ८९.८ प्रतिशत ल्याई नेपाल टप गर्न सफल हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

**हेटौंडा सिटी कलेज/जेनिथ**

(साथै २०८० को -BSc. CSIT/BCA -T.U. बाट सम्बन्धन प्राप्त)
प्रवेश परीक्षा कक्षा संचालन हुँदैंछ ।)
057526660 /9855077417 /9855067435 /9855069444

**सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज; अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट**




शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्टका लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीका लागि कक्षाहरु सञ्चालन गरिंदैछ । अभिलेखीकरण र थप जानकारीका लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

**सम्पर्क**
०५७-५२१२७२/९८०१०६८६४१/९८४८८२८२७७

# सम्पादकीय

हेटौंडा, मकवानपुर

## बजेटमा बार्गेनिङ

लोकतान्त्रिक शासन प्रणालीमा व्यवस्थापिका (संसद) जनप्रतिनिधिमूलक संस्था हो । जनताद्वारा निर्वाचित प्रतिनिधिले व्यवस्थापिकामा छलफल गरेर राज्य सञ्चालनका लागि आवश्यक नियम, कानुन बनाउने गरिन्छ । व्यवस्थापिकाले जनहितमा काम गर्न सरकारको ध्यानाकर्षण गराउने र जनताका पीर, मर्का उजागर गर्ने गर्नुपर्छ । सरकारले गर्ने महत्वपूर्ण नियुक्तिलाई मान्यता दिने र सरकारको नीति तथा कार्यक्रम र बजेट पारित गर्ने दायित्व पनि व्यवस्थापिकाको नै रहेको छ । लोकतन्त्रको सुन्दर पक्ष भनेको शक्ति पृथ्थकीकरण र शक्ति सन्तुलन हो, जसका लागि राज्यमा प्रमुख ३ अंग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको व्यवस्था गरिएको हुन्छ । जनप्रतिनिधिमूलक संस्था भएकाले व्यवस्थापिका अरु अंगभन्दा बढी सार्वभौम मानिन्छ । कार्यपालिका र न्यायपालिकालाई मनोमानी गर्न र स्वेच्छाचारी बन्नबाट व्यवस्थापिकाले रोक्न सक्छ । तर, हाम्रो संघीय तथा प्रादेशिक व्यवस्थापिकाले प्रभावकारी काम गर्न सकिरहेको छैन । व्यवस्थापिकाका सदस्यहरु सार्वभौम जनताको प्रतिनिधिको रुपमा भन्दा सरकारको अन्धभक्त वा कटु आलोचकको रुपमा परिचित भइरहेका छन् ।

सरकारले स्वेच्छाचारीरुपमा बजेट निर्माण र कार्यान्वयन गर्न सक्ने सम्भावनालाई रोक्न व्यवस्थापिकाको महत्वपूर्ण भूमिका रहन्छ । व्यवस्थापिकाले सरकारले ल्याएको बजेट पारित नगरेसम्म सरकारले आम्दानी तथा खर्च गर्न सक्दैन । सरकारले जनहितकारी बजेट नल्याएको अवस्थामा व्यवस्थापिकाले बजेट पास नगर्न सक्छ । व्यवस्थापिकाले बजेट पास नगर्दा सरकारलाई दिएको विश्वास रहँदैन, सरकार नैतिकरुपमा असफल हुन्छ र सरकार नै परिवर्तन हुनसक्छ । यति धेरै शक्ति भएको व्यवस्थापिकामा प्रतिनिधित्व गर्ने राजनीतिक दल तथा व्यवस्थापिकाका सदस्यहरुले भने आफ्नो स्वार्थका लागि बजेटमा बार्गेनिङ गर्ने परिपाटीलाई बढावा दिइरहेका छन् । सरकारले बजेट ल्याउने, सत्तापक्षका व्यवस्थापिका सदस्यले बजेटको गुनगान गाउने र प्रतिपक्षी दलका व्यवस्थापिका सदस्यले आलोचनामात्र गर्ने परिपाटी पुरानै हो । तर, पछिल्लो समय प्रतिपक्षीमात्र नभई सत्तापक्षकै सांसदहरुसमेत बजेटको विरोध गरेर आफ्नो स्वार्थ पूरा गराउन बार्गेनिङ गर्ने क्रम बढ्दै गएको छ ।

संघीय सरकारले आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि ल्याएको बजेट परिमार्जित नभएसम्म प्रतिनिधिसभाबाट पास हुन नदिने अडान लिएका सत्ता गठबन्धनका केही दलले बजेटको पक्षमा मतदान गरेर बजेट पास गर्न सघाए । प्रतिपक्षी दलले बजेटको बिरोध गर्नु स्वभाविक भए पनि सत्तारुढ दलहरुले नै बजेटको विषयमा बखेडा गर्नुलाई अर्थपूर्ण मानिएको छ । बजेटप्रति असन्तुष्ट सत्तारुढ दलको मागबमोजिम अर्थ मन्त्रालयसँग रहेको विविधि शीर्षकको बजेट उपलब्ध गराउने सहमतिपछि बजेटको पक्षमा मतदान गरेको चर्चा सार्वजनिक भएको थियो । गत हप्ता संघीय सरकारको बजेट व्यवस्थापिकाबाट पारित गराउन सत्तापक्षका सांसदहरुको बार्गेनिङ सफल भएपछि यसको प्रभाव प्रदेशमा पनि परेको छ । बजेटकै कारण कोशी प्रदेश सरकारका मुख्यमन्त्रीले विश्वासको मत पाउन सकेनन् र सरकार ढल्यो ।

बागमती प्रदेशको व्यवस्थापिकामा पनि बजेटको विषयलाई लिएर ३ दिनसम्म संसद अवरुद्ध पारियो । प्रदेशसभामा नेकपा एमाले तथा राप्रपाले बजेट परिमार्जन नभएसम्म व्यवस्थापिका बैठक चल्न नदिने अडान लिएर संसद अवरुद्ध गरे पनि सोमबारबाट संसद सुचारु भएको छ । प्रतिपक्षका सांसदले भनेको योजनालाई क्रमश: सरकारले बजेट पुस्तिकामा समावेश गरी कार्यान्वयन गर्दै जाने सरकारको प्रतिबद्धतापछि बैठक सुचारु भएको बताइएको छ । बागमती प्रदेशको व्यवस्थापिकामा बजेटबारे छलफल अघि बढाउन सरकारले प्रतिपक्षीको माग पूरा गर्ने सहमति गरेको छ । यसले प्रतिपक्षी सांसदको बार्गेनिङ तत्कालका लागि सफल भएको पाइन्छ । बजेटको बारेमा सत्तापक्ष र प्रतिपक्षले बार्गेनिङ गर्ने र आफ्ना योजनाहरु समावेश गर्दै जाने हो भने सरकारले ल्याउने बजेट प्रभावकारी हुन सक्दैन । यसले लोकतान्त्रिक शासन व्यवस्थामाथि नै अविश्वास बढ्ने खतरा रहन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : व्यापार– व्यवसायहरु चुनौतिपूर्ण बन्न सक्ने योग छ ।
**वृष** : कल्पना र भावनामा केन्द्रित भइने समय योग छ ।
**मिथुन** : तर्क, बहस र वादविवादमा सरिक भइने समय छ ।
**कर्कट** : परीक्षा र प्रतिस्पर्धाका काममा सफलता प्राप्त हुनेछ ।
**सिंह** : परोपकारी काममा लगानी बढ्ने समय योग छ ।
**कन्या** : पराक्रम बढ्ने प्रतिष्ठामा वृद्धि हुने समय छ ।
**तुला** : परदेशको बँसाईबाट लाभ प्राप्त हुने समय छ ।
**वृश्चिक** : आत्मोन्नति र व्यक्तित्व विकासका लागी प्रयास होला ।
**धनु** : माङ्गलिक कार्यको कुराकानी बढ्ने समय योग छ ।
**मकर** : पदप्रतिष्ठा र सम्मान प्राप्त हुने समय छ ।
**कुम्भ** : सिर्जनात्मक काममा सरिक भइने योग छ ।
**मीन** : स्वास्थ्यका क्षेत्रमा ध्यान पुऱ्याउँदा राम्रो रहने छ ।

# पहिचान मेटिएको राणाकालीन उद्योग



सुदर्शन अधिकारी



देशको आर्थिक विकासमा उद्योगको भूमिका अत्यन्तै महत्त्वको रहन्छ । उद्योगबाटै रोजगारी सिर्जना हुनुका साथै आर्थिक विकास पनि हुन्छ । नेपालमा रोजगारी अभावमा विदेश जानेको संख्या दिनानुदिन बढ्दो छ । यी दुईको बीचमा घनिष्ठ सम्बन्ध हुन्छ । अझ जोडदार रूपमा भन्ने हो भने एक सिक्काका दुई पाटा नै हुन् । उद्योगबाट धेरै जनालाई एकैपटकमा रोजगार दिलाउन सकिन्छ । पछिल्लो समय नेपालको लामो र गौरवमय इतिहास बोकेको जुद्ध सलाई कारखानाको लिलाम बिक्री भएको छ ।

राणाकालमा तत्कालीन प्रधानमन्त्री जुद्धशमशेरले स्थापना गरेको सलाई कारखाना अन्ततः २०७९ माघ ३ गतेबाट विधिवत् रूपमा पहिचान मेटिएको छ । राणाकालमा आर्थिक विकास नभएको होइन, त्यसको उचित प्रयोग मात्र गर्न नसकिएको हो । जुद्धशमशेरले पर्याप्त कार्य गरेका थिए । उनले त्यस बेला कृषि स्कुल, उद्योग परिषद्, विराटनगर जुट मिल, जुद्ध सलाई कारखाना, कटन मिल तथा अन्य घरेलु उद्योगहरूको स्थापना गरी तत्कालीन समयमा आर्थिक विकास र रोजगारीका लागि प्रशंसनीय कार्य गरेका थिए ।

उनले १९९४ साल कात्तिक ७ गते नेपाल बैंक लिमिटेडको स्थापना गरेपश्चात् रु. १ सय, १० र ५ को कागजी नोट प्रचलनमा आएको थियो । हाल विराटनगर -१६ स्थित देशकै पुरानो उद्योग जुद्ध सलाई कारखानाको भवन भत्काउन थालिएको छ । वि.सं. १९९५ मा स्थापना गरिएको जुद्ध सलाई कारखाना नेपाल बैंकको लिलामीमा शारडा ग्रुपले सकार गरेपछि झन्डै ८५ वर्ष पुरानो उद्योगको पहिचान नै मेटिन गएको छ । स्थापनाको हिसाबले नेपालको पहिलो सलाइ कारखाना हो यो । तर, यसको दर्ता भने वि.सं. २००२ मा मात्र भएको थियो । यस उद्योग परिसरभित्र ७ बिघा १६ कट्ठा १३ धुर जग्गा थियो ।

उद्योगको जग्गा तथा मेसिनरी सामान चलनचल्तीभन्दा आधा कम मूल्यमा लिलाम बिक्री भएको छ । संयोग नै मान्नुपर्छ, नेपाल बैंकको स्थापना गर्ने व्यक्ति पनि उनै थिए । सलाई कारखाना अन्तिममा लिलाम-बिक्री पनि त्यही बैंकमार्फत भएको छ । नेपाल बैंकले शारडा ग्रुपलाई लिलाम बिक्री गरिएको उद्योगमा त्यसबेलाका १० जना मजदुर अहिले पनि आफ्नो श्रमको रकम पाइन्छ कि भन्ने आशामा रहेका छन् । उक्त उद्योग परिसरमा अहिले चार परिवार छन् । ऋण असुली न्यायाधिकरणले गत माघ ३ गते डोर खटाएपछि त्यहाँ बस्दै आएका ती परिवारले त्यस बेला काम गरेको ज्याला पाउनुपर्ने माग गर्दै आएका थिए ।

अब भने जुद्ध सलाई कारखानामा काम गरेको सम्झना मात्र बाँकी रहने भयो । किनभने जग्गा बैंकको लिलामी निजी कम्पनीले सकारेपछि सलाई कारखानाको इतिहास मात्र जीवित रहेको छ । उक्त सलाई कारखानामा २०६१ साल भदौ २३ गतेसम्म काम गरेका मजदुर अहिले पनि त्यहीं बसोबास गर्दै आएका छन् । सलाई उद्योग त्यसपछि बन्द भएको थियो । यसपछि उद्योगको सेयर बिक्री गरियो र सेयरको ५१.३७ प्रतिशत हिस्सा कम्पनीका अध्यक्ष सुरेन्द्रलाल सुवालले लिएका थिए । वि.सं. २०६२ जेठमा सलाई कारखाना फेरि सञ्चालनमा ल्याइएको थियो । तर, त्यो लामो समय चल्न भने सकेन । तीन महिना पनि नबित्दै बन्द भयो ।

कम्पनीले २०४७ सालमा सलाई कारखानाको जग्गा नेपाल बैंकमा धितो राखेर २३ लाख ४९ हजार २ सय ९४ रुपैयाँ ऋण लिएको थियो । तर, बैंकले १ करोड ५९ लाख ७ हजार २ सय ५० रुपैयाँ भुक्तानी हुनुपर्ने भन्दै कारखाना सञ्चालकविरुद्ध मुद्दा दायर गरेको थियो । यस मुद्दामा बैंकको पक्षमा फैसला भएको थियो । कम्पनीले बैंकको ऋण चुक्ता नगरेपछि नेपाल बैंक ऋण असुली न्यायाधिकरणले ऋण असुल गर्न गएको थियो । त्यसका आधारमा २०६९ वैशाख ७ गते बैंकको ऋण असुलउपर गर्न कम्पनीको नाममा रहेको जग्गा लिलामी गर्न सक्ने फैसला भएको थियो ।

फैसलामा कम्पनीलाई २०७० जेठ १७ गतेसम्म ऋण चुक्ता गर्ने म्यादसमेत दिइएको थियो । तर, त्यसभन्दा अगाडि नै बोलपत्र दाता नेपाल बैंक लिमिटेडले एकमात्र बोलपत्र सकार गर्ने व्यक्ति खडा गरी शारडा ग्रुपलाई जग्गा तथा टहरा लिलामी प्रक्रिया २०७० वैशाख ११ गते सुरु गरेको देखिन्छ । शारडा ग्रुपका अनुसार अनिल शारडा लिलामी जग्गा सकार गर्ने आधिकारिक व्यक्तिका रूपमा देखिएका छन् । लामो समयदेखि मुद्दा चल्दै आएको थियो । सो कारखानाको जग्गा नै १५ करोडको थियो । त्यसबाहेक कारखानाको मिल, मेसिनरी समान र भवनलगायतका संरचनाको मूल्यांकनको कुनै मूल्य नभएको सो कारखानामा कार्यरत पुराना मजदुर कृष्ण देवान बताउँछन् ।

आज श्रम गर्न तयार रहेका हजारौं व्यक्ति कामको खोजीमा छिमेकी देश भारतलगायत विभिन्न देशमा जाने गरेका छन् । रोजगारी सिर्जना गर्न सकिने भनेको कारखाना वा उद्योगमा हो, तर हाम्रो देशमा भएका उद्योगहरू पनि विविध कारणले बन्द भएका छन् । हाल चलिरहेका उद्योगको अवस्था पनि सन्तोषजनक नरहेको देखिन्छ । यसरी हेर्दा हामीले कृषिलाई व्यावसायिक बनाउँदै उद्योगसँग जोड्न सक्नुपर्छ । तब मात्र देशको समग्र विकासमा सहयोग पुग्छ । पछिल्लो समय व्यापारघाटा पनि उच्च मात्रामा बढ्दै गएको छ । यसलाई कम गर्न पनि हामीले कृषिलाई व्यावसायिक र रोजगार सिर्जनाको मुख्य क्षेत्र बनाउन सक्नुपर्छ ।

आज हजारौं कृषियोग्य जमिन बञ्जर भएर रहेको अवस्था छ । कृषिलाई सम्मानको दृष्टिले हेर्न सकिरहेका छैनौं । हिजोआजका सन्दर्भलाई नै हेर्ने हो भने पनि विराटनगर, वीरगन्ज, नवलपरासीलगायतका उखु किसानले आफ्नो उत्पादन कौडीको भाउमा उद्योगमा दिनुपरेको छ । पहिलेको बक्यौता रकम नै पाएका छैनन् भने फेरि पनि बाध्य भएर उखु बाल्नुभन्दा उधारो दिन विवश छन् । यता उपभोक्ताले भने चिनी प्रतिकेजी १ सय रुपयाँ तिरेर किनिरहेका छन् । समयमा सरकारले उखुको मूल्य नतोक्दा किसान थप मर्कामा परेका छन् । देशका आममानिसमा साना तथा घरेलु उद्योगमा काम गर्नुपर्छ, यसले स्वदेशमै रोजगारी पाइन्छ भन्ने विश्वास नभएर पनि समस्या सिर्जना भएको देखिएको छ ।

हामीमा एउटा गलत सोचको पनि विकास भएर गएको छ । त्यो के भने स्वदेशमा श्रम गर्दा सानो मान्छे भइन्छ भन्ने आम धारणा रहेको पाइन्छ । अरूका देशमा जेजस्ता काम पनि गर्न तयार रहने प्रवृत्तिले पनि श्रम बजार प्रभावित हुने गरेको छ । काम सानो र ठूलो हुँदैन भन्ने सोचको विकास गर्न सक्नुपर्छ । यदि हामीले यस्तो सोचको विकास गरी नेपालमा नै खेती किसानी तथा अन्य आय आर्जनका कार्य गर्ने हो भने अवश्य लाभ हुन्छ । निजीकरणका नाममा २०४६ सालपछिका सरकारद्वारा चर्चित र नाफामा रहेका दर्जनभन्दा बढी उद्योग बिक्री गर्ने काम भयो, त्यसै समयदेखि रोजगारीमा समस्या उत्पन्न भएको देखिन्छ ।

आज शिक्षित र साक्षर सबैको रोजाइ विदेश भएको छ । श्रमको सम्मान गर्ने परिपाटीको विकासको अभावले गर्दा सानो र कम आय हुने क्षेत्रमा आम युवाको ध्यान नै जाँदैन काममा । विकसित देशमा काम सानो र ठूलो भन्ने नभएकाले नै विकासमा अगाडि भएका हुन् । कतिपय युवा जमातमा ठगी खाने संस्कृतिको विकास भएर गएको छ, जसले हामीलाई हानि नै पुग्छ । त्यसैले देशमा सुशासन र इमानको खाँचो रहेको वास्तविकता हामीले भुल्नु हुँदैन । *(स्रोत: कारोबारदैनिक)*

# सरकारले दिने खर्चले नै सम्भव छ धेरैजसो क्यान्सरको उपचार




हाम्रो शरीरमा अनगिन्ती कोषिकाहरु हुन्छन् । यसमध्ये नयाँ बन्ने कोष र कोषिकाहरुको वृद्धिको क्रम सामान्य अवस्थामा कोषभित्र रहेको डीएनएले नियन्त्रण गरिरहेको हुन्छ । तर खराब जीवनशैली र बाह्य वातावरणीय प्रतिकूलताको कारण कोष तथा कोषिकाहरुको वृद्धि अनियन्त्रित हुन्छ । कोषिकाहरुको अनियन्त्रित वृद्धि हुनु नै क्यान्सर हो । क्यान्सर आफैंमा गम्भीर प्रकारको रोग हो । अहिलेसम्म संसारभरिमा २०० भन्दा बढी क्यान्सर पत्ता लागिसकेको छ ।

नेपालमा फोक्सोको क्यान्सर, पेटको क्यान्सर, ठूलो आन्द्राको क्यान्सर, मुखको क्यान्सर र रगतको क्यान्सर बढी देखिएको छ । महिलाहरूमा भने पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, डिम्बाशयको क्यान्सर धेरै देखिएको छ ।

क्यान्सर लाग्नासाथ मान्छेको ज्यान नै जान्छ भन्ने कुरा शतप्रतिशत सही होइन । अपवादबाहेक प्राय: क्यान्सर सुरुवाती समयमै पत्ता लागे पूर्ण निको हुन्छ । क्यान्सर लाग्ने बित्तिकै नेपालीहरूको दिमागमा उपचार खर्च एकदमै धेरै हुन्छ, उपचारको लागि विदेश लैजानुपर्छ भन्ने कुरा आइहाल्छ । किनकि धेरैलाई नेपालमा क्यान्सरको राम्रो र पूर्ण उपचार सम्भव छैन भन्ने पनि लाग्छ । तर नेपालमा ९५ प्रतिशत क्यान्सरको उपचार हुन्छ ।

### रोगको पहिचान नै ढिलो

कुनै गम्भीर समस्या नभई बिरामीहरू अस्पताल पुग्दैनन् । मानौं कुनै बिरामीलाई अत्यधिक पेट दुख्यो भने ऊ पहिले पेटको जाँच गर्न अस्पताल जान्छ । पेटको डाक्टरले पेटको जाँच गर्छ नदुख्ने औषधि दिन्छन् । केही समय निको हुन्छ । त्यसपछि फेरि समस्या देखियो भने डाक्टरले सम्पूर्ण जाँच गराउँछन् । त्यसपछि मात्र बिरामी क्यान्सर डाक्टरकहाँ पुग्छन् । डाक्टरले कस्तो क्यान्सर हो, कुन स्टेजको हो भनेर मूल्याकंन गर्छन् । कुनै क्यान्सर पहिचान गर्न त भारत वा अन्य देशमा पठाउनुपर्छ । त्यसको रिपोर्ट आउन पनि समय लाग्छ । यसरी रोगको पहिचानमा नै धेरै समय लागेपछि समस्या झन् बढिसकेको हुन्छ । त्यसैले समयमै क्यान्सरको पहिचान गर्नेतर्फ व्यक्ति र सरकारले ध्यान दिनुपर्छ ।

क्यान्सरको पहिचान गर्न धेरै खर्च लाग्छ भन्ने भ्रम पनि छ । तर बिरामीले रगत जाँच, कलेजो जाँच, मिर्गौला जाँच, पिसाबको जाँच, हड्डीको जाँच र भिडियो अक्सरे गऱ्यो भने ७० देखि ८० प्रतिशत क्यान्सरको लक्षण देखिन्छ । लगभग चार देखि पाँच हजार रुपैयाँमा क्यान्सरको पहिचान हुन्छ । त्यसैले ५० वर्ष काटेका व्यक्तिहरूले वार्षिक रूपमा यी जाँचहरू गर्नुपर्छ । जसले गर्दा पहिचान छिट्टै हुन्छ र उपचार पनि सहज हुन्छ ।

### क्यान्सरको उपचार

नेपालमा क्यान्सर रोगलाई हेर्ने दृष्टिकोण नै अन्य रोगको भन्दा फरक छ । यो रोग लागेपछि 'सम्पत्ति र मान्छे दुवै सकिन्छ' भन्ने समाजमा धारणा छ । आर्थिक अवस्था कमजोर भएका बिरामीलाई रोगले भन्दा पनि चिन्ताले धेरै पिरोल्छ । रोग लाग्यो अब उपचार खर्च कसरी जुटाउने भनेर बिरामी लागि पर्छन् । जसले गर्दा उपचारमा ढिलाइ हुन्छ र रोग अझै बल्झिसक्छ ।

क्यान्सर रोग लाग्ने बित्तिकै सरकारले एक लाख रुपैयाँ बिरामीलाई दिने गर्छ त्यसबारेमा धेरैलाई थाहा नै छैन । आर्थिक स्थिति कमजोर भएका बिरामीहरूले पहिले सरकारले दिने एक लाख रुपैयाँ लिएर उपचार गर्दै अन्य उपचार खर्च जुटाउनतिर लागेको खण्डमा समयमा उपचार पनि हुन्छ र खर्च पनि कम लाग्छ ।

ढिलो पहिचान गरेर ढिलो उपचार भयो भने उपचार नै सम्भव नहुन पनि सक्छ । क्यान्सर मात्र होइन, ढिलो रोग पत्ता लागे मिर्गौलाको समस्या, मुटुको समस्या र अन्य समस्यामा पनि बिरामीको ज्यानै जाने खतरा हुन्छ । अन्य रोगको तुलनामा क्यान्सरको पहिचान ढिलो हुने भएकाले नै क्यान्सरको बिरामी अन्य

...बाँकी पृष्ठ ३ मा

# बसामाडीको खानेपानी आयोजना बोर्डमा हस्तान्तरण



उपभोक्ता समिति बोर्डलाई हस्तान्तरणको पत्र आदानप्रदान गरिँदै ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा–३, बसामाडीको खानेपानी आयोजना हेटौंडा खानेपानी व्यवस्थापन बार्डलाई हस्तान्तरण गरिएको छ । खानेपानी आयोजना बोर्डमा हस्तान्तरण भएसँगै स्थानीयले मासिक १० हजार लिटर खानेपानी निःशुल्क पाउने भएका हुन् ।

बसामाडीस्थित मिलन टोल विकास संस्थाको व्यवस्थापनमा सञ्चालन हुँदै आएको खानेपानी आयोजना बोर्डमा मंगलबार हस्तान्तरण भएको छ । हेटौंडा उपमहानगरपालिकाले हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका उपभोक्तालाई मासिक १० हजार लिटर खानेपानी निःशुल्क उपलब्ध गराउँदै आएका कारण टोल विकास संस्थाको व्यवस्थापनमा सञ्चालित आयोजना बोर्डमा हस्तान्तरण गरिएको हो ।

एक सय ३८ वटा धाराबाट उपभोक्ताले खानेपानी उपभोग गर्दै आएको उक्त आयोजना बोर्डमा हस्तान्तरण भएपछि उपभोक्ताले अब न्यूनतम शुल्कमा खानेपानी उपभोग गर्न पाउने हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका सूचना अधिकारी सञ्जय न्यौपानेले जानकारी दिनुभयो । टोल विकास संस्थाले खानेपानी वितरणको व्यवस्थापन राम्रोसँग गर्न नसकेका कारण उपभोक्ता समस्यामा पर्दै आएको उहाँले जानकारी दिनुभयो ।

खानेपानी आयोजना हस्तान्तरण कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्य र उपप्रमुख राजेश बानियाँको विशेष आतिथ्य थियो । मिलन टोल विकास संस्थाका अध्यक्ष धनबहादुर घलानले हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष प्रताप बिष्ट र कार्यकारी निर्देशक विष्णुप्रसाद सापकोटालाई खानेपानी आयोजनाको जिम्मेवारी हस्तान्तरण गरेको न्यौपानेले जानकारी दिनुभयो ।

हस्तान्तरण कार्यक्रममा उपमहानगर प्रमुख लामाले पानीको श्रोत व्यवस्थापनमा ध्यान दिने समय आएको बताउनुभएको छ । जमिनमुनि रहेको पानी बोरिङ गरेर निकाल्ने भन्दा पनि बगिरहेको मुलको पानी खोज्ने समय आएको उहाँको भनाइ छ । अहिलेसम्म हेटौंडा उपमहानगरका करिब २४ हजार घरधुरीलाई मासिक १० हजार लिटर निःशुल्क खानेपानीको व्यवस्थापन गरिरहेको भन्दै नगरको समानुपातिक विकासको अवधारणामा अघि बढिरहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा उपप्रमुख बानियाँले नगरको विकास गर्नु आफूहरुको मुख्य काम रहेको भन्दै जनतामाझ गरेको प्रतिबद्धता कार्यान्वयनमा अघि बढिरहेको बताउनुभयो । उहाँले नगरमा खानेपानीको व्यवस्थापनमा कुनै समस्या नहुने भन्दै समस्या समाधान गर्न प्रतिबद्ध रहेको बताउनुभयो । टोल विकास संस्थाका अध्यक्ष घलानको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा–३ का वडा अध्यक्ष ढलकबहादुर थापा, पूर्ववडा अध्यक्ष र ामकुमार पुडासैनी, पूर्वजनप्रतिनिधि कुमार सिंह लामा, टोल विकास संस्था वडा समन्वय समितिका अध्यक्ष रोशन गोलेलगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

## सरकारले दिने खर्चले...

बिरामी जस्तो पूर्ण रुपमा निको नहुन हो ।

**उपचारपछि क्यान्सर निको हुन्छ ?**

पहिलो, दोस्रो र तेस्रो स्टेजको क्यान्सर ८० देखि ९० प्रतिशत निको हुन्छ । त्यसमा १० देखि १५ प्रतिशत दोहोरिन पनि सक्छ । पाठेघरको मुखको क्यान्सर त झन् चौथो स्टेजको पनि निको हुन्छ । तेस्रो स्टेजसम्मको प्रायः सबै क्यान्सर निको हुन्छ । चौथो स्टेजको क्यान्सर भने पाँचदेखि १० प्रतिशत मात्र निको हुन्छ ।

**सरकारले दिने उपचार खर्चले धेरै क्यान्सरको उपचार सम्भव छ**

सरकारले क्यान्सरका बिरामीलाई दिने सहुलियत एक लाख रुपैयाँले धेरै क्यान्सरको उपचार सम्भव छ । पहिलो, दोस्रो स्टेजको क्यान्सरमा ७० देखि ८० प्रतिशत खर्च त्यही रकमले धान्छ । सरकारी अस्पतालमा निजीको तुलनामा खर्च पनि कम लाग्छ, त्यसैले बिरामी आत्तिनुभन्दा पनि छिटो उपचार गर्नतिर लाग्नु पर्छ ।

यो सरकारले दिने रकम कसरी पाइन्छ भन्ने बिरामीले मेलोमेसो पाएका हुँदैनन् । जसले गर्दा बिरामीलाई यो झन्झटिलो होला भन्ने लाग्छ । तर क्यान्सरको उपचार खर्चबापत सरकारले दिने रकम पाउन झन्झटिलो छैन ।

सरकारको सहुलियत रकम लिन विपन्न बिरामीले स्थानीय तहको वडा कार्यालयमा निवेदन दिई सिफारिस लिनुपर्छ । जसका लागि चिकित्सकको प्रेस्क्रिप्सन, नागरिकता प्रमाणपत्रको प्रतिलिपि, नाबालकको हकमा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि र निवेदन सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्छ । स्थानीय तहको सिफारिसको आधारमा बिरामीले सूचीकृत अस्पतालबाट सहुलियत रकम बराबरको सेवा निःशुल्क पाउँछन् ।

**क्यान्सरको सबै बिरामीलाई एकै प्रकारको सहुलियत दिंदा बिरामी मारमा**

सबै प्रकारको क्यान्सरको बिरामीलाई एक लाख रुपैयाँको सहुलियत रकम दिनु गलत हो । क्यान्सरको प्रकृति, स्टेजअनुसार सरकारले रकम थपघट गर्नुपर्छ । एक प्रकारको 'कोरियोकार्सिनोमा'क्यान्सर १० देखि १५ हजारमा नै निर्मूल हुन्छ । पहिलो स्टेजको स्तन क्यान्सर पनि थोरै खर्चबाट पनि निको हुन्छ । तर तेस्रो र चौथो स्टेजको क्यान्सरको उपचरमा उपचार खर्च पाँच लाखभन्दा माथि पनि लाग्छ । त्यसैले सबै क्यान्सर बिरामीलाई एक लाख रुपैयाँ दिनुभन्दा क्यान्सरको प्रकृति र स्टेजअनुसार सहुलियत रकम दिइनुपर्छ ।

यही वर्षबाट सरकारले बच्चाको क्यान्सरमा लगभग ३० देखि ४० वटा औषधि निःशुल्क दिने भनेको छ । त्यसरी नै वयस्कका लागि पनि औषधि उपचार खर्चको बारेमा सरकारले सोच्नुपर्छ ।

**क्यान्सरको उपचारमा पाटन अस्पताल अब्बल**

क्यान्सरको औषधि अन्यको तुलनामा महंगो हुन्छ । दुई हजारदिख आठ लाखसम्म पर्ने औषधिहरू हुन्छन् । पाटन अस्पतालले अमेरिकाको 'म्याक्स फाउन्डेसन'सँग समन्वय गरेर विभिन्न क्यान्सरमध्ये केही क्यान्सरको निःशुल्क औषधि उपलब्ध गराइरहेको छ ।

एक किसिमको रगतको क्यान्सर 'सीएमएल'को सम्पूर्ण औषधि पाटन अस्पताल र भरतपुर अस्पतालमा निःशुल्क पाइन्छ । त्यस्तै 'जिस्ट' एक किसिमको पेटको क्यान्सर यसको पनि सम्पूर्ण औषधि निःशुल्क पाइन्छ ।

एक किसिमको फोक्सोको क्यान्सर 'रोस वान'को औषधि, एक किसिमको मिर्गौलाको क्यान्सरको औषधि निःशुल्क पाइन्छ । साथै 'मेटासेटिक' स्तन क्यान्सर को औषधि पनि पाटन अस्पतालमा निःशुल्क पाइन्छ ।

सरकारी अस्पतालमा उत्कृष्ट डाक्टरहरू छन् । उपचार खर्च पनि कम लाग्छ, त्यसैले पाटनजस्तै अन्य सरकारी अस्पताललाई पनि व्यवस्थित र सर्वसुलभ बनाउनतर्फ सरकारले ध्यान दिनुपर्छ । सरकारी अस्पतालको क्षमता र गुणस्तर बढाउनैपर्छ ।

**सरकारले उपचारमा सहुलियतभन्दा पनि क्यान्सरको रोकथाममा लगानी बढाउनुपर्छ**

सरकारले रोग लागिसकेपछि उपचारमा सहुलियत दिनुभन्दा रोग नै लाग्न नदिन के गर्ने भन्ने कुरामा ध्यान दिनुपर्छ । सुर्तीजन्य पदार्थको सेवनबाट हुने क्यान्सरलाई न्यूनीकरण गर्न सुर्तीजन्य पदार्थ सेवनलाई निरुत्साहित गर्नुपर्छ ।

वातावरण प्रदूषणको कारण हुने क्यान्सरलाई न्यूनीकरण गर्न वातावरण प्रदूषणलाई कम गर्नुपर्छ । मोटोपनको कारण हुने क्यान्सरको न्यूनीकरण गर्न प्रशोधित खाना, प्याकेट बन्द खानाको सेवनले स्वास्थ्यमा पर्ने असरको बारेमा जनचेतना फैलाउने कुरामा सरकारले चासो देखाउनुपर्छ ।

साथै सरकारले पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपीभी खोप सबै बालिकामा निःशुल्क उपलब्ध गराउने लगायतका कुरामा ध्यान दिएमा क्यान्सरको बिरामी नै कम हुन्छन् ।

(क्यान्सररोग विशेषज्ञ डा. शाहीसँग अनलाइनखबरकर्मी सुमित्रा लुइटेलले गरेको कुराकानीमा आधारित)

# नदी तथा खोलामा पानीको बहाव बढ्दो

काठमाडौंः मुलुकमा जारी मनसुनी वर्षाका कारण देशका विभिन्न स्थानमा मध्यमदेखि भारी वर्षा भइरहेको छ । निरन्तरको वर्षाका कारण नदी तथा खोलामा पानीको बहाव बढेको छ । कोशी र तिनाउ नदीमा पानीको बहाव खतरा तहमा पुगेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता ध्रुवबहादुर खड्काका अनुसार अहिले तिनाउ नदीको बहाव खतरा तहमा पुगेको छ । स्याङ्जा, अर्घाखाँची, रुपन्देही र पाल्पा जिल्ला बाढीका हिसाबले चेतावनी तहमा रहेका छन् । ती क्षेत्रमा निरन्तर वर्षा भइरहेकाले बाढी र पहिरोको जोखिम रहेको प्राधिकरणले उल्लेख गरेको छ ।

बागलुङ, कास्की, तनहुँ, पाल्पालगायत जिल्लामा बाढी र पहिरोको उच्च जोखिम रहेकाले आवश्यक सतर्कता अपनाउन चेतावनी जारी गरिएको विभागले उल्लेख गरेको छ । जल तथा मौसम विज्ञान विभागले पनि कोशी नदीको बहाव बढेको जनाएको छ । सप्तरी, सिरहा, धनुषा जिल्लामा भारी वर्षाको सम्भावना रहेकाले सतर्कता अपनाउन भनिएको छ । निरन्तरको वर्षाले सेती, कालीगण्डकी नदीको माथिल्लो भेगमा पानीको बहाव बढेको छ ।

सम्भावित मनसुनजन्य विपद्को जोखिम व्यवस्थापनका लागि सबै हिसाबले तयारी अवस्थामा रहेको प्रवक्ता खड्काले जानकारी दिए । 'सम्भावित विपद् जोखिम व्यवस्थापनका लागि हाम्रो क्षमता अनुकूलका सबै संयन्त्र र सामग्री तयारी अवस्थामा छन्', उनले भने, 'मनसुन अवधिका लागि देशका चार स्थानमा हेलिकप्टर तैनाथ गरिएको छ । इटहरी, भरतपुर, काठमाडौं र सुर्खेतमा कम्तीमा आधा घण्टामा पुगेर उद्धार गर्ने गरी हेलिकप्टर तयारी अवस्थामा राखिएको छ ।'

पूर्वमा कोशी र मधेस प्रदेशलाई लक्षित गरी इटहरीमा, बागमती र गण्डकीको केही भागलाई समेट्ने गरी काठमाडौंमा, चितवन आसपासका जिल्लालाई समेट्ने गरी भरतपुरमा र सुदूरपश्चिम र कर्णालीलाई समेट्ने गरी हेलिकप्टर तयारी अवस्थामा राखिएको प्राधिकरणले जनाएको छ । जिल्ला जिल्लामा सबैखाले तयारी गरिएको छ । भोलिका दिनमा निकै ठूलै विपद्का घटना आएको खण्डमा सबै किसिमका सामग्री विमानस्थल नजिकै रहेका गोदामघरमा स्टोर गरिएको छ । तत्कालै राहत र उद्धारका लागि संयन्त्र र सामग्री पुग्ने गरी व्यवस्था मिलाइएको छ ।

महाशाखाले आगामी २४ घण्टाका लागि चेतावनी जारी गर्दै भारी वर्षा, मेघ गर्जन/चट्याङ, गेग्रान बहाव, बाढी, पहिरो तथा भू–क्षयका कारण हुनसक्ने जोखिम वा क्षतिबाट बच्न आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ । सडक तथा हवाई यातायात, स्वास्थ्य, कृषि, पर्यटनलगायतका क्षेत्रसमेत प्रभावित हुनसक्ने महाशाखाले जनाएको छ ।

मौसम पूर्वानुमान महाशाखाका अनुसार हाल देशमा मनसुनी वायुको प्रभाव रहेको छ । अहिले देशभर सामान्यदेखि पूर्ण बदली रही कोशी, बागमती, गण्डकी र कर्णाली प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ ।

कोशी, मधेस, गण्डकी र लुम्बिनी प्रदेशको एक–दुई स्थानमा मेघ गर्जन/चट्याङसहित भारी वर्षाको समेत सम्भावना रहेको छ । मधेस प्रदेश र लुम्बिनी प्रदेशको तराईका थोरै स्थानमा हावाहुरीको समेत सम्भावना रहेको छ । बुधबार पनि कोशी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका एक–दुई स्थानमा मेघ गर्जन/चट्याङसहित भारी वर्षाको समेत सम्भावना रहेको छ । (स्रोतः रासस)

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
www.samriddhasamaj.com.np

आवश्यकता

(सूचना प्रकाशित मिति : २०८० असार २० गते)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लाई बागमती प्रदेशका १० जिल्ला (मकवानपुर, चितवन, धादिङ, नुवाकोट, रसुवा, काभ्रे, सिन्धुपाल्चोक, दोलखा, रामेछाप र सिन्धुली)मा मानव अधिकार सूचना सङ्कलक आवश्यक भएकाले तपसीलमा उल्लेख गरिएअनुसार योग्यता पुगेका व्यक्तिले व्यक्तिगत विवरण (Bio-Data) सहित २०८० असार २७ गतेभित्र hetuada@insec.org.np मा आवेदन दिन आह्वान गरिन्छ ।

तपसील

- प्रमाण-पत्र तह उत्तीर्ण ।
- मानव अधिकार उल्लङ्घन तथा ज्यादतीको सूचना सङ्कलन, सम्प्रेषण तथा अभिलेखमा रुची भएको ।
- मानव अधिकारका समाचार लेखनसम्बन्धी ज्ञान भएको ।
- स्थानीय सरोकारवालासँग समन्वय र सहकार्य गर्न रुची भएको ।
- सम्बन्धित जिल्लाको नागरिक हुनुपर्ने ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
बागमती प्रदेश कार्यालय, हेटौंडा

श्री महेन्द्र किरण माध्यमिक विद्यालय
हेउनपा–३, बसामाडी, मकवानपुर,
वागमती प्रदेश

शिक्षक आवश्यकता

प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०३/१९ गते

प्रस्तुत बिषयमा विद्यालय ब्यवस्थापन समितिको २०८०/०३/१३ गतेको बैठकको निर्णय, हेटौंडा उपमहानगरपालिकाको २०८०/०३/१७ गतेको सिफारिसपत्र र शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरको २०८०/०३/१७ गतेको पदपूर्तिको अनुमति पत्रानुसार यस विद्यालयमा रिक्त रहेको नि.मा.वि.(राहत) करारमा गणित बिषय शिक्षक १ जना आवश्यक परेको हुँदा ईच्छुक योग्य नेपाली नागरिकबाट तपशिल बमोजिम दरखास्त आन्हान गरिन्छ ।

तपशिलः
१) विज्ञापन नं. १/०७९/०८०
२) तहः नि.मा.वि. राहत ।
विषयः गणित ।
३) उमेर १८ वर्ष पुरा भई ४० ननाघेको ।
४) न्युनतम शैक्षिक योग्यता गणित विषयमा दश जोड दुई वा सो सरह उत्तीर्ण गरेको
५) परीक्षाको किसिम लिखित, मौखिक र कक्षा अवलोकन ।
७) सेवा सुविधाः नेपाल सरकारको नियमानुसार
८) दरखास्त दस्तुरः रु. १,५००/–
९) दरखास्त दिने अन्तिम मितिः २०८०/०४/०२ विद्यालय समयसम्म ।
१०) सम्पर्क मितिः २०८०/०४/०३
१) परीक्षा मितिः सम्पर्क मितिमा जानकारी गराईने छ ।

आवश्यक कागजातहरुः
क) शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि १ थान ।
ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ थान ।
ग) अध्यापन अनुमतिपत्रको प्रतिलिपि १ थान ।
घ) हस्तलिखित निवेदन १ थान ।
ङ) नगदी रसिद १ थान ।

नोटः शिक्षक सेवा आयोगबाट लिईएको परीक्षाको करार सूचीमा भएका उम्मेदवारहरुले विज्ञापन भएको मितिले ७ (सात)दिन भित्रमा निवेदन पेश गर्नुपर्ने छ ।
सम्पर्क नम्बरहरुः ०५७४१११९९, ९८५४०७१९८१, ९८४५१४७१३३

बागमती प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौंडा, मकवानपुर

सुरक्षा सेवा करारमा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशन मिति २०८०/०३/२०)

यस मन्त्रालयको सुरक्षा सेवा सम्बन्धी कार्य सेवा करारमा गराउनुपर्ने भएकोले ईच्छुक फर्म/कम्पनीबाट कार्य क्षेत्रगत सर्तहरु (TOR) को अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कम्पनी दर्ताको प्रमाणपत्र, VAT दर्ताको प्रमाणपत्र, आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्र सहित यस मन्त्रालयमा प्रस्ताव पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| विवरण | फाराम खरिद गर्ने अन्तिम मिति | फाराम बुझाउने अन्तिम मिति | प्रस्ताव खोलिने मिति |
|---|---|---|---|
| सुरक्षा सेवा सम्बन्धी कार्य | २०८० श्रावण २ गते | २०८० श्रावण ३ गते दिनको १२ बजेसम्म | २०८० श्रावण ३ गते दिनको २ बजे |

स्वादिष्ट नेवारी खाजा



अब होटल बासुकला (फास्टफुड) मा

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
- नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

# हेटौंडा-काठमाडौं सडकबारे प्रदेशसभामा प्रश्न

हेटौंडाः बागमती प्रदेशसभाको बैठकमा रासायनिक मलको उपलब्धतादेखि हेटौंडा–कुलेखानी–काठमाडौं सडक निर्माणको विषय उठाइएको छ । प्रदेश सरकारको बजेटमाथि छलफलका लागि आह्वान गरिएको मंगलबारको बैठकमा शून्य समयमा आफ्ना धारणा राख्दै सांसदहरुले उक्त विषय उठाएका हुन् । संघीय राजधानी काठमाडौंबाट फर्पिङ–फाखेल–भैंसे हुँदै प्रदेश राजधानी हेटौंडा आउने सडक छिटो निर्माण गर्न सांसदहरुले शून्य समयमा ध्यानाकर्षण गराएका छन् ।

बजेट न्यायोचित नभएको भन्दै विपक्षी दलहरुको लगातार अवरोध भएको प्रदेशसभा बैठक सोमबारबाट सञ्चालनमा आएको थियो । सरकारको विनियोजन विधेयकमाथि छलफलका लागि दिउँसो ३ बजे बसेको प्रदेशसभा बैठकमा सांसदहरुले खेती लगाउने समयमा कृषकलाई रासायनिक मलको व्यवस्थापन गर्न माग गरेका छन् ।

संसद्को शून्य समयमा सांसदहरु ओमकुमारी श्रेष्ठ, अमनकुमार मास्के, आनन्दकुमार श्रेष्ठ, आशा लामा, ईश्वर सापकोटा, एकालाल श्रेष्ठ, किरण थापा मगर, कृष्णप्रसाद सिलवाल, गीता काफ्ले, जयराम थापा, डा. दिनेशचन्द्र देवकोटा, निरज बज्राचार्य, प्रकाश श्रेष्ठ, प्रेमभक्त महर्जन, मधुकुमार श्रेष्ठ, यमुनादेवी श्रेष्ठ, रामेश्वर श्रेष्ठ, सुरेशचन्द्र लामिछाने, रमेशकुमार महतलगायतले कृषकहरुको समस्या समाधानमा सरकार गम्भीर भएर अघि बढ्नुपर्ने बताए ।

प्रदेशसभा सदस्य भारतीकुमारी पाठकले किसान ५ किलो मलको लागि सिङ्गो दिन खर्चिन बाध्य भएको बताइन् । प्रदेश सरकारले स्थानीय सरकारसँगको समन्वयमा कृषकहरुको समस्या समाधान गर्न सक्नुपर्ने उनको भनाई थियो । प्राङ्गारिक मल बनाउन उनको थप जोड थियो । सांसद रामकुमार पहाडीले रासायनिक मलमा हुने गरेको कालोबजारी नियन्त्रणमा सरकारले ध्यान दिनुपर्ने बताए ।

बैठकमा प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेले महालेख परीक्षकको कार्यालयको प्रतिवेदन पेश गरेका थिए भने आर्थिक मामिला तथा योजनामन्त्री बहादुर सिंह लामाले विनियोजन विधेयक सभामा विचार गरियोस् भन्ने प्रस्ताव पेश गरेका थिए । बैठकले उक्त विधेयक बहुमतले स्वीकृत गरेको छ भने विधेयकमाथि प्रदेशसभाको दोस्रो बैठकमा छलफल हुने कार्यसूची रहेको छ ।

(स्रोतः रातोपाटी)

# भन्सार छली ल्याएको कपडा बरामद

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले भन्सार छली ल्याएको कपडा बरामद गरेको छ । प्रहरीले हेटौंडा–१५, रातोमाटेबाट अवैधरुपमा ल्याएको कपडा बरामद गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

सोमबार प्रहरीले वीरगञ्जबाट पोखरातर्फ जाँदै गरेको प्रदेश २–०३–००१ ख ६२०५ नम्बरको यात्रुबाहक बसलाई सुरक्षा जाँच गर्ने क्रममा बसको अगाडिको क्याबिनमा प्लाष्टिकको झोलाभित्र लुकाइछिपाई ल्याएको ७० हजार रुपैयाँ बराबरको अबैध कपडा बरामद गरेको प्रहरीले जनाएको छ । प्रहरीले बसबाट साडी २३ पिस, कुर्था सुरुवाल ३५ पिस, जयपुरी कुर्था ९ पिस र थान कपडा ५ पिस गरी ७० हजार बराबरको अबैध कपडा बरामद गरेको थियो । बरामद कपडा नियन्त्रणमा लिई बसलाई गन्तब्यतर्फ पठाइएको प्रहरीले जनाएको छ ।

# स्याङ्तानको कविता संग्रहबारे विमर्श हुने

समाज संवाददाता

हेटौंडाः हेटौंडामा पत्रकार तथा कवि राजु स्याङ्तानद्वारा लिखित 'ओ पेङदोर्जे' कविता संग्रहबारे विमर्श हुने भएको छ । नेपाल तामाङ घेदुङ बागमती प्रदेशको आयोजना तथा नेपाल तामाङ घेदुङ मकवानपुरको व्यवस्थापनमा असार २३ गते शनिबार उक्त कविता संग्रह विमोचन र विमर्श हुने बताइएको छ ।

मंगलबार पत्रकार भेटघाट कार्यक्रममा घेदुङका प्रदेश अध्यक्ष ललितकुमार घलानले स्याङ्तानको पहिलो कृति ओ पेङदोर्जे कविता संग्रहबारे विमर्श हुन लागेको बताउनुभयो । तामाङ समुदायका इतिहासकारसमेत रहनुभएका स्याङ्तानको उक्त कविता संग्रहको कविता यात्राको क्रममा हेटौंडामा विमर्श हुन लागेको उहाँले बताउनुभयो ।

तामाङ समुदायको हिजोको अवस्था कस्तो थियो र आज कस्तो अवस्था छ भन्ने विषयवस्तु उक्त कविता संग्रहमा समेटिएको बताइएको छ । आदिवासी जनजातिका मुद्दालाई समेत स्याङ्तानका कवितामा समेटिएको छ ।

मकवानपुरका कवि यश लामाले दुई चरण गरी कार्यक्रम हुने जानकारी दिनुभयो । पहिलो चरणमा प्यानल डिस्कसन र दोस्रो चरणमा लाइभ कविता वाचन कार्यक्रम हुने उहाँले बताउनुभयो । कविले कविता संगीतको लयमा वाचन गर्नुहुनेछ ।

# ९ दिने रोबोटिक्स र अटोमेसन कार्यशाला सुरु

समाज संवाददाता

हेटौंडाः एस्ट्रोनोभा फाउन्डेसन नेपालको आयोजनामा बागमती प्रदेशको राजधानी हेटौंडामा ९ दिने रोबोटिक्स र अटोमेसन कार्यशाला सुरु भएको छ । सोमबारदेखि सुरु भएको कार्यशालामा विद्यालय तहका विद्यार्थीको सहभागिता रहेको छ ।

सोमबारको कार्यशालामा हेटौंडा उपमहानगरभित्र रहेका १८ वटा विद्यालय र क्याम्पसका ४ दर्जनभन्दा बढी विद्यार्थीको सहभागिता रहेको थियो । मंगलबारदेखि छानिएका २१ जना विद्यार्थीलाई मात्र सहभागी गराइएको एस्ट्रोनोभा फाउन्डेसन नेपालका महासचिव चिरञ्जीवी लामिछानेले जानकारी दिनुभयो ।

ब्रेनीक्युब रिसर्च अर्गनाइजेसन नेपालका कार्यकारी अध्यक्ष तथा नेपालका प्रख्यात युवा वैज्ञानिक आकाश देवले फाउन्डेसनमा आबद्ध विद्यार्थीद्वारा तयार गरिएको मोबाइल एपमार्फत् दियो बालेर कार्यशालाको उद्घाटन गर्नुभएको छ । २६ गतेसम्म सञ्चालन हुने कार्यशालामा अनुज अधिकारी, आयुष बस्नेत, सन्देश तामाङ, रविन परियारले प्रशिक्षण दिनुहुनेछ ।

अध्यक्ष देवको प्रमुख आतिथ्य तथा एस्ट्रोनोभा फाउन्डेसन नेपालका अध्यक्ष किशन बास्तोलाको सभाध्यक्षतामा कार्यक्रम सुरु भएको हो । कार्यक्रममा विज्ञान शिक्षक एसोसिएसन नेपाल मकवानपुरका जिल्ला उपाध्यक्ष भरत पोखरेललगायतको उपस्थिति थियो ।

# सिलिङ्गे राष्ट्रिय माविमा चेपाङ प्रधानाध्यापक नियुक्त


राष्ट्रिय माविको प्रधानाध्यापक नियुक्त हुनुभएकी लालुमाया चेपाङ ।

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको राक्सिराङ गाउँपालिका–६ स्थित सिलिङ्गे राष्ट्रिय माध्यमिक विद्यालयमा नयाँ प्रधानाध्यापक नियुक्त गरिएको छ । सोमबार लालुमाया चेपाङ विद्यालयको नयाँ प्रधानाध्यापक चयन हुनुभएको हो ।

विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको निर्णयअनुसार चेपाङलाई प्रधानाध्यापक नियुक्ति गरिएको बताइएको छ । हाल प्रधानाध्यापक चयन हुनुभएकी चेपाङ विगत् आठ वर्षदेखि सोही विद्यालयमा शिक्षकको रुपमा कार्यरत हुनुहुन्थ्यो ।

विद्यालयका शिक्षकमध्ये आफू पेसाप्रति लगनशील र अनुभवी रहेको प्रधानाध्यापक चेपाङले बताउनुभयो । लामो समयदेखि विद्यालयमा कार्यरत रहेको र विद्यालयका गतिविधिमा उत्कृष्ट कार्य गरेकाले आफूलाई प्रधानाध्यापक बनाइएको उहाँले जानकारी दिनुभयो ।

विद्यालय निकै विकट ठाउँमा रहेकाले भौतिकलगायत थुप्रै शैक्षिक कठिनाई रहेको प्रधानाध्यापक चेपाङको भनाइ छ । विद्यालयमा अध्यनरत सात सय विद्यार्थीका लागि पर्याप्त कक्षाकोठा रहेको तर त्यसको उचित मर्मत हुन बाँकी रहेको उहाँले बताउनुभयो । ग्रामीण भेग भएकाले स्रोत साधनको पहुँचबाट विद्यार्थीहरु टाढा हुनुका साथै अतिरिक्त क्रियाकलापका लागि पनि विद्यार्थीको सक्रियता कम रहेको उहाँले जानकारी दिनुभयो ।

विद्यालयमा खानेपानी, विद्युत्लगायत अत्यावश्यक सुविधाकै समस्या टड्कारो रहेको प्रधानाध्यापक चेपाङले जानकारी दिनुभयो । पानीको समस्याले शौचालय पनि फोहोर हुने, विद्यार्थीले जथाभावी शौचालय बस्नेजस्ता समस्याबाट विद्यालय लामो समयदेखि गुज्रिरहेको उहाँको भनाई छ । बाढी, पहिरोजस्ता प्राकृतिक प्रतिकूलताका कारण वर्षामा विद्यालय बन्द गर्नुपर्ने भएकाले विद्यार्थीको शैक्षिक गुणस्तर खस्कने गरेको उहाँले जानकारी दिनुभयो । विविध समस्या र कठिनाईलाई पार लगाउँदै विद्यालय, विद्यार्थी एवम् स्थानीयको मुहार फेर्न अटुट र अब्बल प्रयत्न गर्ने प्रधानाध्यापक चेपाङले बताउनुभयो ।

# एसईईको नतिजा पुरानै ग्रेडिङ प्रणालीमा

काठमाडौंः राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा पुरानै ग्रेडिङ प्रणालीअनुसार सार्वजनिक गर्ने भएको छ । पुरानै पाठ्यक्रमअनुसार पढाइ भएकाले पुरानै ग्रेडिङ प्रणालीबाट नतिजा सार्वजनिक गर्ने निर्णय गरेको बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिए ।

'पुरानो पाठ्यक्रमअनुसार पढाइ भएको अन्तिम शैक्षिक सत्र भएकाले नतिजा पनि पुरानै ग्रेडिङअनुसार सार्वजनिक गर्ने भन्ने नै थियो । खाली विधि पुऱ्याउनका लागि मात्र निर्णय भएको हो', उनले भने । सरकारले लेटर ग्रेडिङ निर्देशिका, २०७८ लाई संशोधन गरेर सैद्धान्तिकतर्फ ३५ र प्रयोगात्मकतर्फ ४० अंक ल्याउनेहरुलाई मात्र ग्रेडिङमा समावेश गर्ने व्यवस्था गरेको छ । यसभन्दा कम अंक ल्याउनेको प्रमाणपत्रमा नै एनजी अर्थात् नन ग्रेडेड लेखिने, मूल प्रमाणपत्र नै नपाउने र कक्षा ११ मा पढ्न नपाउने व्यवस्था उक्त निर्देशिकामा छ ।

तर, बोर्डले यो वर्षको एसईई नतिजा प्रकाशनमा यो व्यवस्था लागू नगरी अक्षरांकन (ग्रेडिङ) विधि लागू गर्नेछ । यो विधिमा 'ई' ग्रेड पनि निर्धारण गरेर विद्यार्थीलाई प्रमाणपत्र वितरण गरिन्छ । चालु शैक्षिक सत्रमा सबै कक्षामा नयाँ पाठ्यक्रमअनुसार पढाइ भएकाले अबदेखि भने नयाँ ग्रेडिङ प्रणाली लागू हुने बोर्डका अध्यक्ष शर्माले बताए ।

गत चैत १७ गतेदेखि २९ गतेसम्म सञ्चालन भएको एसईईको नतिजा शुक्रबार सम्म सार्वजनिक गर्ने तयारी छ । परीक्षामा देशभरका करिब ५ लाख विद्यार्थी सहभागी भएका थिए । (स्रोतः अनलाइनखबर)

## यातायात व्यवस्था कार्यालय, हेटौंडाको सुचना

- भाँडामा चल्ने सवारी साधनको प्रत्येक ६–६ महिनामा सवारीको भौतिक अवस्था परीक्षण गरी यातायात व्यवस्था कार्यालबाट जाँचपास प्रमाण–लिने गरौं ।
- सवारी चालक अनुमतिपत्र नवीकरण गर्दा यस प्रदेशबाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेश भित्र स्थायी बसोबास गरेका प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नवीकरण गर्नको लागी सो को अभिलेख online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमति पत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपी सो जारी भएको कार्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ ।
- भाँडामा चल्ने सवारी साधनहरुले बाटो ईजाजत–पत्र अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयहरुबाट लिने र समयमै नवीकरण गर्ने गरौं ।
- समयमै कर तिरौं, जरिवानाबाट बचौं ।

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

## गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्कर लगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



सम्पर्क
०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

## सामुदायिक रेडियो, रेडियो निकास

९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

# भूटनदेवी माविका दुई विद्यार्थीलाई छात्रवृत्ति

समाज संवाददाता

हेटौंडाः भूटनदेवी हाइस्कूल मैत्री समूह (२०३१ साल एसएलसी ब्याच)ले भूटनदेवी माध्यमिक विद्यालयमा अध्ययनरत् २ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ । सोमबार एक कार्यक्रमका बीच शैक्षिक सत्र २०७९ को आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षामा उत्कृष्ट हुने छात्र र छात्रालाई छात्रवृत्ति वितरण गरिएको हो ।

कक्षा ८ मा उत्कृष्ट नतिजा ल्याउने सन्तोषकुमार यादव र विन्दाकुमारी यादवलाई जनही १० हजार रुपैयाँ छात्रवृत्ति प्रदान गरेको समूहका कार्यवाहक अध्यक्ष लवनाथ रिजालले जानकारी दिनुभयो । रिजालको सभाध्यक्षतामा हेटौंडा–१० का वडाध्यक्ष तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष फूर्वा दोर्जे लामाको प्रमुख आतिथ्यमा छात्रवृत्ति वितरण गरिएको हो ।

सोही अवसरमा पूर्वशिक्षक भीमप्रसाद भट्टराई र उद्धवप्रसाद खतिवडालाई दोसल्ला ओढाएर सम्मान गरिएको छ । गुरु पूर्णिमाको दिन तत्कालीन शिक्षकलाई सम्मान गरिएको हो । कार्यक्रममा हेटौंडा–४ का वडाध्यक्ष नवीन सिग्देल, अर्जुन हुमागाई, भूटनदेवी माध्यमिक विद्यालयका प्रधानाध्यापक माधव दाहालको उपस्थिति थियो ।

## हेटौंडा कृषि बजार

हेटौंडा-४, मेनरोड

सूचना सूचना सूचना

यहि मिति २०८० साल असार ५ गतेबाट यस **त्रिवेणी भेजिटेबल मार्ट प्रा.लि** द्वारा संचालित हेटौंडा कृषि तरकारी बजार संचालन हुन गइरहेको छ ।





**सेवाहरु**
- एकै ठाउँमा सबै किसिमका खाद्यान्न सामाग्रीहरु जस्तैः स्वच्छ ताजा तरकारी, फलफूल, जुस ।
- दूध, दही लगायत दूधबाट बन्ने सबै किसिमका परिकारहरु ।
- खसी, कुखुरा तथा राँगाको मासु स्वच्छ तथा सफा वातावरणमा पाइने ।
- पर्याप्त पार्किङ्गको व्यवस्था भएको साथै मेनरोड र नारायणी मल सँगै जोडिएको र आवजावतको सजिलो व्यवस्था भएको
- सेकुरिटी गार्ड सहित सिसि क्यामराद्वारा निगरानी गरिने ।

(नोटः यस मार्टमा केही स्टल खाली भएकोले इच्छुक महानुभावले तुरुन्त सम्पर्क गरी आफ्नो स्टल सुरक्षित राख्नुहोला ।)

सम्पर्कः ९८०२६५३९०७,९७४१६८०१८७,९८४१२१७२७९



